यो आकाशवाणी हो।

समाचार

December 02, 2025

प्रमुख समाचार

- राष्ट्रपति भोलिदेखि तिरुवनन्तपुरमको दुईदिने भ्रमणमा जानुहुँदै
- प्रधानमन्त्रीद्वारा काशी-तमिल संगममको सुरुवातप्रति शुभकामना व्यक्त
- SIR मुद्दामा गतिरोध जारी रहँदा, संसदका दुवै सदन भोलिसम्मका लागि स्थगित
- SIR को दोस्रो चरण सुरु भएदेखि पचास करोड पचासी लाखभन्दा बढी मतदाता फारामहरू वितरण गरिएको निर्वाचन आयोगद्वारा जानकारी प्रदान
- सरदार वल्लभभाई पटेल हरेक राजनीतिज्ञका लागि प्रेरणा भएको रक्षामन्त्रीको भनाइ

Prez-Kerala

राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि तिरुवनन्तपुरमको दुईदिने भ्रमणम ा जाँदै हुनुहुन्छ। आफ्नो भ्रमणका क्रममा राष्ट्रपतिले नौसेना दिवस २०२५ समारोहमा भाग लिनुहुनेछ र भोलि नै भारतीय नौसेनाको परिचालन प्रदर्शन पनि हेर्नुहुनेछ।

PM-Tamil Sangamam

प्रधानमन्त्री नरेन्द्र मोदीले आज काशी-तमिल संगममको सुरुवातप्रति शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमा पोस्ट गर्दै, यो जीवन्त कार्यक्रमले एक भारत, श्रेष्ठ भारत-को भावनालाई गहिरो बनाउँदछ भन्नुभयो। प्रधानमन्त्रीले कार्यक्रमका क्रममा नागरिकहरूलाई काशीमा अविस्मरणीय बसाइको कामना पनि गर्नुभयो।

PM-Assam

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आसामका जनतालाई स्थापना दिवसको शुभकामना दिनुभयो। उहाँले सामाजिक सञ्जालमा पोस्टमा यो दिवस स्वर्गीय चाओलुङ सुकाफाको दृष्टिकोण पूरा गर्ने देशवासीको प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने अवसर हो भन्नुभयो। उहाँले भन्नुभयो, केन्द्र र आसाममा रहेको एनडीए सरकारले आसामको प्रगतिलाई प्रवर्धन गर्न निरन्तर काम गरिरहेको अनि भौतिक र सामाजिक पूर्वाधार बृद्धिको दिशामा उल्लेखनीय प्रगति भएको बताउनुभयो। साथै, उहाँले ताई-अहोम संस्कृति र ताई भाषालाई लोकप्रिय बनाउन धेरै कदम चालिएको जानकारी दिनभयो।

Parliament Adjourned

विशेष गहन समीक्षा, SIR मुद्दामा गतिरोध जारी रहँदा, संसदका दुवै सदन भोलिसम्मका लागि स्थगित गरियो। SIR बारे छलफलका लागि विपक्षीको मागपछि, लोकसभा दुई पटक स्थगित गरियो र त्यसपछि दिनभरका लागि स्थगित गरिएको थियो। अध्यक्षले सदन सञ्चालन गर्ने प्रयास गरे तापनि कुनै फाइदा भएन। त्यसैगरी राज्यसभामा, पहिलो स्थगनपछि दिउँसो २ बजे सदन पुनः सुरु हुँदा, संसदीय मामिला मन्त्री किरेन रिजिजुले विपक्षी दलहरूले माग गरेका चुनावी सुधारहरूमाथि छलफल गर्न सरकार तयार रहेको दोहोऱ्याउनुभयो। विपक्षी दलका नेता मल्लिकार्जुन खडगेले नियम २६७ अन्तर्गत प्राथमिकताका साथ एसआईआर मुद्दामा छलफल गर्न सकिने बताउनुभयो। यसबीच कांग्रेस, तृणमूल कांग्रेस, डीएमके र अन्य विपक्षी सांसदहरूले नाराबाजी गर्न थाले र एस.आई.आर मुद्दामा वाकआउट गरे।

ECI-SIR

निर्वाचन आयोगले आज विशेष सघन समीक्षा, SIR को दोस्रो चरण सुरु भएदेखि नै पचास करोड

पचासी लाखभन्दा बढी मतदाताहरूलाई मतदाता फारामहरू वितरण गरिएको जानकारी दिएको छ। यो सङ्ख्या यस चरणमा लगभग एकाउन्न करोड मतदाताहरूको उनान्सयौ दशमलव सात-आठ प्रतिशत हो। आयोगले अहिलेसम्म लगभग चालिस करोड फारामहरू डिजिटलाइज गरिएको बताएको छ। SIR को दोस्रो चरण यस महिनाको ४ तारिखमा नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा सुरु भएको थियो। यी राज्य र केन्द्र शासित प्रदेशहरू छत्तीसगढ, गोवा, गुजरात, केरला, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुडुचेरी, लक्षद्वीप र अन्दमान र निकोबार टापुहरू रहेको छन्। मतदाता नामावलीको व्यापक संशोधन अर्को वर्ष फेब्रुअरी ७ मा अन्तिम मतदाता नामावलीको प्रकाशनसँगै समाप्त हुनेछ।

## Defence Minister

रक्षामन्त्री राजनाथ सिंहले वडोदराको सादली गाउँमा सरदार गाथा कार्यक्रमलाई सम्बोधन गर्दै, सरदार वल्लभभाई पटेल हरेक राजनीतिज्ञका लागि प्रेरणा हुन् भन्नुभयो। उहाँले भन्नुभयो, राजनीतिक नेतृत्वले जनतामाझ विश्वसनीयता गुमाइरहेको समयमा वर्तमान सरकारले चुनौती स्वीकार गऱ्यो र सरदार पटेलको मूल्यमान्यतालाई पछ्याएर जनताको विश्वास सफलतापूर्वक प्राप्त गऱ्यो। रक्षामन्त्रीले सरदार पटेललाई एकताबद्ध भारतको शिल्पकार र रियासतहरूको एकीकरणको कठिन कार्यलाई सफल बनाउने श्रेय दिनुभयो।

## Foreign Minister-UAE

विदेशमन्त्री डा. एस. जयशंकरले आज संयुक्त अरब इमिरेट्सका उपप्रधानमन्त्री तथा विदेशमन्त्री अब्दुल्लाह बिन जायद अल नाह्यानलाई राष्ट्रिय दिवसको शुभकामना दिनुभयो। विदेशमन्त्रीले सामाजिक सञ्जालमा पोस्टमा भारत युएईसँगको व्यापक रणनीतिक साझेदारीलाई सुदृढ पार्न अनि व्यावसायिक र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउन प्रतिबद्ध रहेको बताउनुभयो।

## Finance Minister

वित्तमन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा ग्लोबल फोरमको अठारौँ पूर्ण बैठकलाई सम्बोधन गर्दै, अर्थतन्त्रको बढ्दो डिजिटलाइजेसन र नयाँ वित्तीय उत्पादनहरूको आगमनसँगै, विश्वभरिका देशहरूले कर प्रणालीमा निष्पक्षता र जनताको विश्वास सुनिश्चित गर्न समयमै सूचना आदानप्रदानमा सहकार्य गर्नुपर्नेमा जोर दिनुभयो। उहाँले कर प्रणालीमा निष्पक्षता र पूर्वानुमानको कारणले भारतमा विगत एक दशकमा स्वैच्छिक अनुपालन बलियो भएको उल्लेख गर्दै, भारतले आदानप्रदान गरिएको जानकारीलाई अनुपालन र जोखिमको व्यापक विश्लेषणमा एकीकृत गरिरहेको बताउनुभयो।

## Syndhia-Sathi

सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले साइबर ठगीका लागि दूरसञ्चार स्रोतहरूको दुरुपयोग रोक्न र साइबर सुरक्षा सुनिश्चित गर्न सञ्चार साथी एप ल्याइएको बताउनुभयो। श्री सिन्धियाले टेलिकम उपभोक्ताहरूलाई सहयोग गर्नु र उनीहरूको सुरक्षा सुनिश्चित गर्नु सरकारको कर्तव्य रहेको बताउँदै, सञ्चार साथी-ले लगभग एक करोड पचहत्तर लाख ठगी मोबाइल जडानहरू विच्छेद गर्न मद्दत गरेको जानकारी दिनुभयो।

## Manipur Bill

संसदले मणिपुर वस्तु तथा सेवा कर विधेयक, २०२५ पारित गरेको छ। विधेयकले मणिपुर वस्तु तथा सेवा कर ऐन, २०१७ लाई संशोधन गर्दछ। विधेयकले नयाँ GST दरहरू लागू गर्ने लक्ष्य पनि राखेको छ। लोकसभाले पहिले नै विधेयक पारित गरिसकेको छ। एक प्रश्नको जवाफमा वित्तमन्त्री निर्मला सीतारमणले विधेयकले मणिपुरमा व्यापार गर्न सहज बनाउने र अनावश्यक विवादहरूबाट बच्ने बताउनुभएको छ। वित्तमन्त्री सीतारमणले आवश्यक वस्तुहरूमा कर दर १२ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झारिएको र विशिष्ट वस्तुहरूमा मात्र ४० प्रतिशत कर लगाइने स्पष्ट पार्नुभयो।

## RBI

रिजर्भ बैंकको मौद्रिक नीति समितिले शुक्रबार आरबीआई गभर्नर संजय मल्होत्राले घोषणा गर्ने द्विमासिक मौद्रिक नीति समीक्षाका लागि प्रमुख दर र घोषणाहरू निर्णय गर्न भोलिदेखि आफ्नो तीनदिने बैठक सुरु गर्दै छ। आरबीआईले यस वर्ष फेब्रुअरीमा दर सहजीकरण चक्र सुरु गरेको थियो र अगस्टमा तीन चरणमा १०० आधार बिन्दुले रेपो दर घटाएर ५.५ प्रतिशत गरेको थियो। भारतीय स्टेट बैंकको आर्थिक अनुसन्धान विभागको अनुसन्धान प्रतिवेदनले मौद्रिक नीति भौगोलिक भिन्नताहरू सहित रोकिएको चरणमा प्रवेश गरेको बताएको छ।

## Railway-Tamil Sangam

रेल मन्त्रालयले दिएको जानकारी अनुसार, रेलवेले चौथो काशी तमिल संगम-का लागि कन्याकुमारी, चेन्नई, कोइम्बटूर र वाराणसीबीच सात विशेष रेलहरू चलाउँदै छ। यी रेलहरूले लामो दूरीको यात्रामा कार्यक्रमका सहभागीहरूको सहज यात्रा र समयमै आगमन सुनिश्चित गरिरहेका छन्। पहिलो रेल गत महिनाको २९ तारिखमा कन्याकुमारीबाट प्रस्थान गरेको थियो। अर्को रेल आज चेन्नईबाट प्रस्थान गऱ्यो। कोइम्बटूर, चेन्नई र कन्याकुमारीबाट पनि विशेष रेलहरू चलाइने योजना छ। वाराणसीबाट फर्कने सेवाहरू डिसेम्बर ५ देखि सञ्चालन हुनेछन्। काशी तमिल संगम आजदेखि डिसेम्बर १५ सम्म चल्नेछ।

## Polution Control Day

आज राष्ट्रिय प्रदूषण नियन्त्रण दिवस हो। यस दिवसको उद्देश्य हावा, पानी र माटो प्रदूषणका गम्भीर परिणामहरूबारे जागरूकता जगाउनु रहेको छ। यस अवसरमा दिल्लीका वातावरणमन्त्री मनजिंदर सिंह सिरसाले सबै नागरिक भावी पुस्ताका लागि स्वस्थ र सुरक्षित भविष्य सुनिश्चित गर्दै स्वच्छता कायम

राख्न, वातावरणको संरक्षण गर्न र प्रकृतिको संरक्षण गर्न प्रतिबद्ध हुनुपर्छ भन्नुभयो। साथै, उहाँले सबै नागरिकलाई वातावरण संरक्षणलाई आफ्नो दैनिक बानीको हिस्सा बनाउन पनि अनुरोध गर्नुभयो।

## Women Hockey

महिला FIH हक्की जुनियर विश्वकपमा हिजो साँझ चिलीको स्यान्टियागोमा भारतले नामिबियालाई १३-० ले पराजित गऱ्यो। यो जितसँगै भारत तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। भारतीय टोली जर्मनी, आयरल्याण्ड र नामिबियासँगै पूल सी मा रहेको छ। यसैबीच, जर्मनीले हिजो पहिलो पूल खेलमा आयरल्याण्डलाई ७-१ ले पनि पराजित गऱ्यो। भारतले भोलि जर्मनी र शुक्रबार आयरल्याण्डसँग खेल्नेछ। प्रतियोगितामा पहिलो पटक २४ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्।

प्रमुख समाचार पुनः एकपटक

- राष्ट्रपति भोलिदेखि तिरुवनन्तपुरमको दुईदिने भ्रमणमा जानुहुँदै
- प्रधानमन्त्रीद्वारा काशी-तमिल संगममको सुरुवातप्रति शुभकामना व्यक्त
- SIR मुद्दामा गतिरोध जारी रहँदा, संसदका दुवै सदन भोलिसम्मका लागि स्थगित
- SIR को दोस्रो चरण सुरु भएदेखि पचास करोड पचासी लाखभन्दा बढी मतदाता फारामहरू वितरण गरिएको निर्वाचन आयोगद्वारा जानकारी प्रदान
- सरदार वल्लभभाई पटेल हरेक राजनीतिज्ञका लागि प्रेरणा भएको रक्षामन्त्रीको भनाइ